# बझाङ केन्द्रबिन्दु भएर ६.३ म्याग्निट्यूडको भूकम्प, दिल्लीसम्म कम्पन



३ अक्टोबर २०२३

**बझाङको चैनपुर केन्द्रबिन्दु भएर मङ्गलवार अपराह्ण गएको ६.३ म्याग्निट्यूडको भूकम्पका कारण कम्तीमा १२ जना घाइते हुनुका साथै कैयौँ घर तथा कार्यालय भवनहरू भत्किएका अधिकारीहरूले बताएका छन्।**

बझाङमा त्यसअघि ५.३ म्याग्निट्यूडको भूकम्प गएको थियो भने त्यसपछि पनि परकम्पहरू गइरहेका विवरण आएका छन्।

बझाङको छिमेकी जिल्ला बैतडीमा पनि केही मानिसहरू घाइते भएको प्रहरीले जनाएको छ।

घाइतेमध्ये एक जनाको खुट्टा भाँचिएको र अधिकांश घाइतेहरू विद्यार्थी रहेको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले जनाएको छ। उनको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको छ।

उनीहरूमध्ये कतिपय विद्यालयबाट घर फर्कँदै गर्दा, केही विद्यालयमै ढुङ्गा खसेर, केही पहिरोमा परेर र केही भागदौडमा घाइते भएको प्रहरीले जनाएको छ।

- भूकम्पलाई विनाशकारी बनाउने सात कारक तत्त्वहरू
- फल्टहरू के हुन् र तिनले कसरी भूकम्पलाई प्रभाव पार्छन्?
- ५०० वर्षमा ठूलो भूकम्प नगएको पश्चिम नेपालमा 'उच्च जोखिम कायमै'

सुदूरपश्चिम प्रदेशका प्रहरी प्रमुख भरत बोहराका अनुसार ती मानिसहरू भूकम्प जाँदा खसेको ढुङ्गा, पहिरो र पर्खाल भत्किँदा घाइते भएका हुन्।



घाइतेहरूको अवस्था सामान्य भएको बताइएको छ। भूकम्पले सुदूरपश्चिमका बझाङ, बाजुरा, बैतडी, अछामलगायतका जिल्लामा केही घर, विद्यालय, वडा कार्यालय र प्रहरीका चौकीहरू भत्किनुका साथै चर्किएका छन्।

खानी तथा भूगर्भ विभागले अपराह्ण ३:०६ मिनेट जाँदा बझाङको चैनपुर केन्द्रबिन्दु भएर ६.३ म्याग्निट्यूडको भूकम्प मापन गरिएको थियो।

## बझाङमा म्याग्निट्यूड ६.३ को भूकम्प




स्रोत: National Earthquake Monitoring and Research Center

उक्त भूकम्पको धक्का बझाङ आसपासका जिल्लाहरूसहित भारतको राजधानी दिल्लीसम्म महसुस गरिएको विवरणहरू आएका छन्।

भूकम्पको असर कर्णाली प्रदेश विभिन्न जिल्लाहरूमा परेको छ।

भूकम्प जाँदा कैयौँ स्थानीय घरबाहिर निस्कनुका साथै कतिपय ठाउँमा भगदौड पनि भएको विवरण आएका छन्।

- भूकम्प आएको पत्ता लगाउन सक्ने मोबाइल फोन
- विगत आठ सय वर्षमा ५० वटा ठूला भूकम्प, राजाको पनि ज्यान गएको थियो"

बझाङका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले भूकम्पबाट भएको भौतिक तथा मानवीय क्षतिको विवरण सङ्कलन भइरहेको बताए।

"हामीले मातहतका निकासहरूबाट क्षति भए नभएको बुझ्ने कोसिस गरिरहेका छौँ। हालसम्म कुनै पनि हताहतिको विवरण प्राप्त भइसकेको छैन," बीबीसी न्यूज नेपालीसँग उनले भने।

**भूकम्प जाँदा के गर्नुपर्छ, के गर्नु हुँदैन**
१० फेब्रुवरी २०२३

**बाजुराको भूकम्प दिल्लीसम्म महसुस, यस्तो छ सुदूरपश्चिम नेपालमा भुइँचालो...**
२२ फेब्रुवरी २०२३

# कस्तो क्षति



बझाङमा परकम्प गइरहेको विभागले जनाएको छ।

पाण्डेयका अनुसार भूकम्पका कारण आएको सुक्खा पहिरोका कारण बझाङलाई कैलालीको धनगढीसँग जोड्ने जयपृथ्वी लोकमार्ग अवरुद्ध भएको छ।

खोर्पे-चैनपुर खण्डमा पहिरोले सडक अवरुद्ध भएको र खुलाउने प्रयास भइरहेको जानकारी प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयले दिएका छन्।

"अहिले पनि ससाना परकम्पहरू आइरहेका कारण मशीनहरू तयारी अवस्थामा भए पनि प्रयोग गरेका छैनौँ," उनले भने।

भूकम्पका कारण आएको पहिरोमा परी बझाङको तल्कोट गाउँपालिकाको जालेबगरमा दुई जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिएका छन्।

भूकम्पले गर्दा बझाङको सदरमुकाम चैनपुरसहित, जयपृथ्वीबहादुर सिंह नगरपालिका र तल्कोट नगरपालिकाका विभिन्न ठाउँहरूमा विद्यालय भवन, वडा कार्यालयका भवन र सर्वसाधारणका थुप्रै घरहरू भत्किएको र चर्किएको विष्टले बीबीसीलाई बताए।

भूकम्पका कारण झरेका ढुङ्गा लागेर कतिपय ठाउँमा पशुचौपाया पनि मरेको उनले बताए। उनका अनुसार क्षतिको थप विवरण सङ्कलन गर्ने काम भइरहेको छ।

## अरू भूकम्प पनि मापन



विभागका अनुसार ३:४५ बजे पनि ४.० म्याग्निट्यूडभन्दा ठूलो परकम्प मापन भएको र सुर्खेत मापन केन्द्रसँगको समन्वयमा म्याग्निट्यूड निर्क्योल गर्ने काम भइरहेको छ।

त्यसअघि दिउँसो २:४० बजे बझाङको तल्कोट केन्द्रबिन्दु भएर ५.३ म्याग्निट्यूडको भूकम्प गएको विभागले जनाएको छ।

प्रजिअ पाण्डेयले सदरमुकाम क्षेत्रमा भूकम्पले कुनै भौतिक तथा मानवीय क्षति नपुऱ्याएको प्रारम्भिक विवरण आएको बताए।

# भूकम्पले झस्काइरहन्छ बारपाकबासीलाई



NRA

सुदूरपश्चिमको बझाङ केन्द्रबिन्दु भएर मङ्गलवार गएको भूकम्प गण्डकी प्रदेशको गोरखामा पनि केहीले महसुस गरे।

गोरखाको बारपाक विसं २०७२ सालमा नेपालमा गएको विनाशकारी भूकम्पको केन्द्रबिन्दु हो।

यहाँका बासिन्दाहरूलाई समय समयमा आइरहने भूकम्पले झस्काइरहने स्थानीयहरू बताउँछन्।

बझाङमा गएको भूकम्प बारपाकमा पनि केहीले महसुस गरेको भए पनि धेरैले थाहा नपाएको स्थानीय जीतबहादुर घलेले बताए।

सानो सानो भूकम्प गइरहँदा फेरी ठूलो भूकम्प जाने डर स्थानीयमा हुने उनको भनाई छ।

“डर चाहिँ हुन्छ नै फेरी त्यस्तो भूकम्पहरू दोहोरिन पो खोजेको हो कि भन्ने डर चाहिँ छ,” उनले भने।

आठ वर्षअघिको भूकम्पले ठूलो जनधनको क्षति भएको उक्त स्थानमा पटक पटक जाने भूकम्पले पहिलाको याद आउने उनले बताए।

**सिन्धुपाल्चोक आसपास केन्द्रविन्दु बनाएर किन भूकम्प गइरहन्छ**
२२ अक्टोबर २०२३

**पुनर्निर्माण: “धरहराको भग्नावशेषका इँट कहाँ गए कसैलाई थाहा...**
४ डिसेम्बर २०१९

**भूकम्पपछि फेरिएको रङ्गशालाको नयाँ रूप**
१९ नोभेम्बर २०१९

बारपाककै पुर बहादुर घलेले आफूले बझाङ भूकम्पको महसुस नगरेको बताए। भूकम्पले बारपाकमा धेरै क्षति गरे पनि अहिले अवस्था त्यस्तो नभएको उनले बताए।

पहिला पहिला बारपाकमा ढुङ्गा र माटोका घरहरू थिए। विसं २०७२ सालको भूकम्पपछि यहाँका ढुङ्गा र माटोका घरहरू भत्किए र अहिले सिमेन्ट र डन्डीको प्रयोग गरेर बाइएका पक्की घरहरू छन्।

“अहिले त घरहरू पनि बलिया छन्। भूकम्प आउँदा पनि अहिले त पहिलेजस्तो क्षति त हुँदैन होला भन्ने महसुस गर्छौं,” घलेले भने। २०७२ सालको भूकम्प पछि बारपाक परिवर्तन भएको बीबीसीका समाचारदाता ईश्वर जोशी बताउँछन्।

# पश्चिम नेपालमा भूकम्पको जोखिम कति ठूलो?

गत वर्ष कात्तिक महिनामा डोटी जिल्लामा लोकल म्याग्निट्यूड ६.६ को भूकम्प गएको थियो। उक्त भूकम्पका कारण धनजनको पनि क्षति भएको थियो। त्यसपछि त्यहाँ धेरै परकम्पहरू मापन गरिएको थियो।

बाजुरा र छिमेकी जिल्लाहरूमा गत वर्षदेखि अहिलेसम्म ४.० म्याग्निट्यूड वा त्योभन्दा माथिका दर्जनौँ भूकम्पहरू गएका छन्। यसबाट उक्त क्षेत्रमा भूकम्पीय गतिविधि बढेको देखिने विज्ञहरू बताउँछन्।

पश्चिम नेपालमा ५०० वर्षभन्दा बढी समयदेखि महाभूकम्प नगएकाले त्यहाँको भूगर्भमा धेरै ऊर्जा सञ्चित भएर बसेको भूगर्भविद्हरू बताउँछन्।

तर अहिले गएका भूकम्पहरू भूगर्भमा सञ्चित ऊर्जा निष्कासनका लागि पर्याप्त नभएको उनीहरूको भनाइ छ।

गत वर्ष बीबीसीसँग कुरा गर्दै राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रकी प्रमुख मोनिका झाले पोखरादेखि पश्चिम भारतको देहरादुनसम्म निकै लामो समय ठूला भूकम्पीय गतिविधि नभएकाले सो क्षेत्रमा भूकम्प जाने ठूलो जोखिम भएको बताएकी थिइन्।

सन् १५०५ मा उक्त क्षेत्रमा भूकम्पका कारण ठूलो विनाश भएको थियो।

## यस्तो छ पश्चिम नेपालमा भूकम्पको शृङ्खला

- कार्तिक २२, २०७९ः ५.७, डोटी
- कार्तिक २२,२०७९ः ४.१, डोटी
- कार्तिक २३,२०७९ः ६.६, डोटी
- कार्तिक २४,२०७९ः ४.१, बाजुरा
- कार्तिक २६,२०७९ः ५.४, बझाङ
- कार्तिक २९,२०७९ः ४.२, अछाम
- पौष ७,२०७९ः ४.१, दार्चुला
- पौष ८,२०७९ः ४.६, डोल्पा
- माघ १०,२०७९ः ५.९, बाजुरा
- माघ १२,२०७९ः ४.१, बाजुरा
- माघ १८, २०७९: ४.०, बाजुरा
- फागुन ११, २०७९: ५.२, बाजुरा
- फागुन २१, २०७९: ४.४, अछाम
- फागुन २९, २०७९: ४.४, दैलेख
- चैत १०, २०७९: ४.५, मुगु

- चैत १२, २०७९: ४.३, बाजुरा
- वैशाख १०, २०८०: ४.१, बाजुरा
- वैशाख १४, २०८०: ४.९, बाजुरा
- वैशाख १८, २०८०: ५.९, बाजुरा
- वैशाख २१, २०८०: ४.१, बाजुरा
- जेठ ८, २०८०: ४.१, बाजुरा

**बीबीसी न्यूज नेपाली यूट्यूबमा पनि छ। हाम्रो च्यानल सब्स्क्राइब गर्न तथा प्रकाशित भिडिओहरू हेर्न यहाँ क्लिक गर्नुहोस्। तपाईँ फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

## सम्बन्धित सामग्री

भूकम्प नेपालका भूकम्प प्राकृतिक प्रकोप नेपाल

## मुख्य समाचार

**ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु**

५ घण्टा पहिले

**अस्ट्रियामा मदिरा गोदाम सफा गर्न लाग्दा फेला परे म्यामथका हजारौँ वर्ष पुराना हड्डी**

१ घण्टा पहिले

**श्रीलङ्कामा जङ्गली हात्तीहरू बाटो ढुकेर मान्छेको खानेकुरा लुट्छन्**

४ घण्टा पहिले

## अनि यो पनि



विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ

२२ मई २०२४



'ज्यान मार्ने धम्की र बमले ओलिम्पिक्स खेल्ने मेरो सपना रोक्न सकेनन्'

२२ मई २०२४



इजरेली र हमास नेताविरुद्ध जारी हुन सक्ने 'पक्राउपुर्जी'को अर्थ के हो

२१ मई २०२४



जोर्जामा पनि के रुसबाट खतरा बढेको हो

२० मई २०२४



मृत्यु भइसकेका बाबुको आवाजमा जबाफ दिन सक्ने च्याटबट बनाएका छोरा

१९ मई २०२४

## धेरै पढिएको

१ विमानमा हुने 'टर्ब्युलन्स' के हो, कसरी उत्पन्न हुन्छ

२ ताइवानलाई 'दण्ड' दिन चिनियाँ सैन्य अभ्यास सुरु

३ सन्दीप लामिछानेले अमेरिकाको 'भिसा पाएनन्', क्यानले अब के गर्ला

४ जेठ १५ मा कसरी आउला बजेट? के सरकारको भविष्यसँग त्यसको सम्बन्ध छ?

५ कैलाश सिरोहियालाई तीन दिन थुनामा राख्न अदालतको अनुमति, पक्राउ गर्नुको कारणबारे प्रहरीले के भन्यो

बीबीसीको विश्वसनीयता

प्रयोगका सर्तहरू | गोपनीयता नीति | बीबीसीलाई सम्पर्क गर्नुहोस्

बीबीसीको बारेमा | कुकीज | Do not share or sell my info

© 2024 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**